# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौं, असार २० गते, २०७३ साल ( संख्या १३


## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

सूचना ३

आयकर (छैठौं संशोधन) नियमावली, २०७३

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "आयकर (छैठौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली संवत् २०७३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. आयकर नियमावली, २०५९ को नियम ५ मा संशोधन : आयकर नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :-

"५. वित्तीय विवरण पेश गर्नु पर्ने : (१) नियम ३ को उपनियम (२) बमोजिम दर्ता हुने निकायले आफ्नो लेखापरीक्षण भएको बार्षिक वित्तीय विवरण अनिवार्य रुपमा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र विभागमा पेश गर्नु पर्नेछ ।

(२) कर छुट पाउने संस्थाले ऐनको दफा १० को खण्ड (छ) मा उल्लेख भएको रकम र दफा ९२ बमोजिम अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी बाहेक, अन्य कुनै करयोग्य आय प्राप्त गरेको भए ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गर्नु पर्नेछ ।"

३. मूल नियमावलीमा नियम ५क. थप : मूल नियमावलीमा नियम ५ पछि देहायको नियम ५क. थपिएको छ :-

"५क. नवीकरण सम्बन्धी व्यवस्था : (१) नियम ३ बमोजिम दर्ता भई कर छुटको प्रमाणपत्र प्राप्त गरेको छुट पाउने संस्थाले आय वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र त्यस्तो प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नवीकरण गराउन निवेदनसाथ अघिल्लो आय वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र अग्रिम कर कट्टी

गरी कर दाखिला गरेको विवरण तथा प्रमाणसहित विभागले तोकेको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको निवेदन उपर कर अधिकृतले छानबिन गर्दा कर छुट पाउने देखिएमा त्यस्तो प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम नवीकरणका लागि प्राप्त भएको कर छुटको प्रमाणपत्र विभागले तोकेको ढाँचा बमोजिम नभएमा साबिकको कर छुटको प्रमाणपत्रको सट्टा नयाँ प्रमाणपत्र जारी गरिनेछ ।

(५) उपनियम (१) बमोजिम कर छुटको प्रमाणपत्र नवीकरण नगराएसम्म कर छुटको प्रमाणपत्र प्राप्त गरेको संस्थाले कर छुटको सुविधा उपयोग गर्न पाउने छैन ।"

४. <u>मूल नियमावलीको नियम २३ मा संशोधन</u> : मूल नियमावलीको नियम २३ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) पूर्वानुमानित कर विवरण पेश गर्ने बाहेकका करदाताले आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ ।"

५. <u>मूल नियमावलीको नियम २९ मा संशोधन</u> : मूल नियमावलीको नियम २९ को उपनियम (३) को खण्ड

(ख) मा रहेका "चेक वा ड्राफ्टबाट" भन्ने शब्दहरुको सट्टा "चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल नियमावलीको नियम ३३ मा संशोधन : मूल नियमावलीको नियम ३३ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) ऐनको दफा ४ को उपदफा (३) बमोजिमको व्यक्ति, र"

७. खारेजी : मूल नियमावलीको नियम ४ खारेज गरिएको छ ।